# अगोस्टिनोको कथा

# La storia di Agostino

LIDA Italia
Billie Cejka Risnes
Anup Aryal
5
नेपाली ne / Italiano it

मेरो नाम अगोस्टिनो हो र म ५१ वर्षको भएँ। मेरो काम साइकल चलाएर विभिन्न ठाउँमा खाना पुर्‍याउनु हो। मेरा दुई छोरीहरू छन्, तर हामी कहिल्यै बोल्दैनौं। तिनीहरूको आमा र म अहिले सँगै बस्दैनौँ किनभने हाम्रो सम्बन्ध विच्छेद भइसकेको छ।

• • •

Mi chiamo Agostino e ho 51 anni. Il mio lavoro è consegnare cibo in bicicletta. Ho due figlie, ma quasi non ci parliamo. La loro madre ed io non viviamo più insieme perché abbiamo divorziato.

म मेरी आमासँग बस्छु, किनकि म सम्बन्ध विच्छेद पछि एक्लै घर भाडा तिर्न सक्दिन। यो शहरमा भाडा धेरै महँगो छ।

. . .

Vivo con mia madre, dal momento che non posso permettermi di pagare un affitto dopo il divorzio. Gli affitti sono molto cari in questa città.

केही महिनाअघि म एउटा कम्पनीमा चौकीदारको रूपमा काम गरिरहेको थिएँ। मैले भाँचिएका सामानहरू मर्मत गरेँ, बाकसहरू बोकेँ, र कसैलाई आवश्यक पर्दा मद्दत गरेँ। एक दिन कम्पनीले मलाई निकाल्यो। मैले कारण भने बुझिन।

• • •

Alcuni mesi fa lavoravo come addetto in un’azienda. Riparavo cose rotte, portavo scatoloni, e davo una mano a chiunque ne avesse bisogno. Un giorno, l’azienda mi ha licenziato. Non ho mai capito perché.

मैले धेरै मानिसहरूलाई साइकलबाट खाना पुर्याउदै गरेको देखें। म साइकल चलाउन सक्छु, त्यसैले मैले ठुलो डेलिभरी कम्पनीको ढोका ढकढक्याएँ। तिनीहरूले मलाई प्रत्येक डेलिभरीको लागि तीन युरो प्रस्ताव गरे। म प्रति दिन ४० युरो कमाउँछु, ६० युरो यदि म धेरै भाग्यशाली भएँ र ग्राहकहरूले मलाई टिपि दिए भने।

• • •

Vedevo molti che consegnavano cibo in bicicletta. So andare in bici, così mi sono presentato ad una grossa azienda di consegne a domicilio. Mi hanno offerto tre euro a consegna. Faccio 40€ al giorno, 60€ se sono fortunato e i clienti mi danno la mancia.

मैले न कुनै तलबी बिदा, न कुनै बिरामी खर्च, शायद नै कुनै अधिकार पाएँ। मलाई यो ठीक त लाग्दैन तर मलाई जागिर चाहिएको छ। अन्य अधिकांश कर्मचारीहरू विश्वभरका आप्रवासीहरू हुन्।

. . .

Non ho ferie pagate, né assicurazione malattia, quasi nessun diritto. Penso che non sia giusto, ma ho bisogno di lavorare. La maggior parte degli altri lavoratori sono immigrati da ogni parte del mondo.

यो ढुवानीको काम गर्ने धेरै मान्छेहरू दिनहुँ दुर्घटनामा पर्छन् र घाइते हुन्छन्। त्यसपछि, जब एक २५ वर्षीय ढुवानीकर्ताको एक कारले ठक्कर दिएर मृत्यु भयो, तब मात्र अधिकारीहरूको हामीप्रति ध्यानाकर्षण भयो। उसको मृत्यु पछि मात्र हामीप्रति ध्यान दिनु लज्जास्पद कुरा हो।

. . .

Molti di quelli che lavorano nelle consegne rimangono feriti in incidenti ogni giorno. Poi, quando un rider venticinquenne è stato investito da una macchina ed è morto, le autorità hanno cominciato ad accorgersi di noi. È un peccato che quel ragazzo sia dovuto morire perché ciò accadesse.

अन्य कम्पनीहरूका कर्मचारीहरूसँग मिलेर मैले स्थानीय युनियनबाट कामदारहरूको अधिकारको ज्ञान लिएँ। उनीहरूले हामीलाई निःशुल्क कानुनी सल्लाह दिए। हामीले थप मान्यता र अधिकार प्राप्त गर्न सङ्घर्ष गर्यौं।

• • •

Assieme ai rider di altre aziende, ho fatto un corso sui diritti dei lavoratori organizzato da un sindacato di categoria. Ci hanno offerto assistenza legale gratis. Abbiamo lottato per ottenere maggiori riconoscimenti e diritti.

लामो समयपछि हाम्रो सबै मिहिनेतले सार्थकता पाएको छ। एउटा ठुलो डेलिभरी कम्पनीले भारी जरिवाना तिर्नुपरेको थियो र कामदारहरूलाई स्थायी जागिर दिनुपरेको थियो। यो संसारमा कतै भएको पहिलो पटक थियो। स्थितिमा सुधार हुन थालेको जस्तो लाग्यो।

• • •

Dopo parecchio tempo il nostro duro lavoro ha dato dei frutti. Una grande azienda di consegne ha dovuto pagare una forte multa e stabilizzare i lavoratori. Era la prima volta che questo accadeva al mondo. Sembra che le cose comincino a migliorare.

# LIDA Stories

lidastories.net

## अगोस्टिनोको कथा

## La storia di Agostino

LIDA Italia
Billie Cejka Risnes
Anup Aryal (ne), Andrea Ciasca Marra (it)

CC BY